नेपाल सरकार
# स्थानीय विकास मन्त्रालय
(जनसंख्या तथा पंजिकरण व्यवस्थापन शाखा)

फोन: ५-५४१०५८, ५-५२१७२७, ५-५२१७२८, ५-५२१७३१
फ्याक्स : ५-५२२०४५
www.mld.gov.np
E-mail: vitalevent@mld.gov.np
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्याः- ०६८/०६९
चलानी नं.:- ११६

मितिः २०६८/५/१९

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै ।
श्री महा/उपमहा/नगरपालिकाको कार्यालय,
सबै ।

विषयः *सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्ने सम्बन्धमा ।*

प्रस्तुत विषयमा चालु आ.व.को बजेट बक्तव्य मार्फत सबै नगरपालिकाहरु र जिल्ला सदरमुकामका गाविसहरुमा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति अनुरुप चालु आ.व.को पहिलो किस्ता देखि बैंक मार्फत भुक्तानी गर्न सबै जिविस/नपाहरुलाई अनुरोध गरिएको छ ।

बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ मा आवश्यक संशोधन गरिएको छ । जिविस तथा नपालाई उक्त कार्यक्रम कार्यान्वयन गर्न सुविधा पुऱ्याउने उद्देश्यले नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकका उच्च पदस्थ कर्मचारीहरुसँग समन्वय गरी बैंकिङ्ग सेवा दिने बैंकहरुको नामावली छनौट गरी अनुसूची १४ मा समावेश गरिएको छ । बैंकिङ्ग सेवा उपलब्ध गराउने हेतुले सम्बन्धित बैंक, जिल्ला विकास समिति र नगरपालिका तथा गाँउ विकास समितिका वीचमा हुने समझदारी पत्र (Memorandum of Understanding) तयार गरिएको छ । उपरोक्त वमोजिम कार्यविधिको संशोधनका बुँदाहरुका आधारमा, निर्णय भए वमोजिमका बैंकहरुवाट सेवा लिई समझदारी पत्रमा हस्ताक्षर गरी सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्न गराउन अनुरोध छ । यो व्यवस्था हाल विद्यमान नगरपालिकाहरु र भविष्यमा घोषणा हुने नगरपालिकाको हकमा समेत लागू हुनेछ । कुनै गाविसले बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रारम्भ गर्न चाहेमा गाविसले निर्णय गरी जिविसको सिफारिशमा वितरण गर्न सक्ने समेत निर्णय भएकोले नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंक मध्ये सेवाग्राहीलाई उपयुक्त हुने कुनै बैंक छनौट गरी जिविसको सहमतिमा भत्ता वितरण गर्न सकिने र यस्ता गाविसलाई प्रोत्साहन र सहयोग गरी जिविसले सबै गाविसहरुमा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नेपाल सरकारको नीतिलाई सफलीभूत बनाउन सहयोग गर्न समेत जिविसलाई अनुरोध गरिएको छ ।

चालु आ.व.को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम ६० वर्ष मुनिका विधवा (एकल) महिलालाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति अनुरुप विधवा (एकल) महिलाको तथ्यांक संकलन गर्न मिति २०६८/५/९ मा पत्र पठाईएको व्यहोरा विदितै छ । यस प्रयोजनका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ र सोही कार्यविधिको अनुसूची ४ (ङ) संशोधन गरिएको छ । संशोधित विवरण बमोजिम विधवा (एकल) महिलाको विवरण लिई जिल्लागत तथ्यांक यस शाखामा उपलब्ध गराउन समेत निर्देशानुसार अनुरोध छ ।

**संलग्न कागजातहरु**

१) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ (संशोधन सहित)
२) समझदारी पत्र (MOU) को प्रतिलिपि,
३) सेवा उपलब्ध गराउने बैंकहरुको नामावली ।
४) सामाजिक सुरक्षा र बाल निरीक्षणको स्थानीय निकाय सशर्त अनुदानको निर्देशन प्रतिलिपि ।

(*विष्णु प्रसाद गौली*)
उपसचिव

***बोधार्थ***
श्री महाशाखाहरु सबै
श्री शाखाहरु सबै
स्थानीय विकास मन्त्रालय ।

नेपाल सरकार
# स्थानीय विकास मन्त्रालय
(जनसंख्या तथा पंजिकरण व्यवस्थापन शाखा)

फोनः ५-५४१०५८, ५-५२१७२७, ५-५२१७२८, ५-५२१७३१
फ्याक्स : ५-५२२०४५
www.mld.gov.np
E-mail: vitalevent@mld.gov.np
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्याः- ०६८/०६९
चलानी नं.:- ७०१

नेपाल सरकार स्थानीय विकास मन्त्रालय

मितिः २०६८/५/९

**श्री जिल्ला विकास समितिको कार्यालय,**
**सबै ।**
**श्री महानगरपालिकाको कार्यालय,**
**सबै**

विषयः *तथ्यांक संकलन सम्वन्धमा ।*

प्रस्तुत विषयमा ताहाको चालु आ.व.को बजेट बक्तव्यमा ६० वर्ष मुनिका विधवा (एकल) महिलाहरुलाई समेत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति रहेको व्यहोरा विदितै छ ।

उक्त प्रायोजनका लागि ६० वर्ष मुनिका विधवा (एकल) महिलाको तथ्यांक लिन पर्ने भएकाले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ बमोजिम गाविस र न.पा.ले कार्यविधिको बुँदा ५ ख बमोजिम सूचना प्रकाशित गर्ने, सोही कार्यविधिको ५ ज र अन्य वुँदामा उल्लेख भएका व्यवस्था बमोजिम लक्षित समूहको पहिचान गरी फोटो सहितको परिचयपत्र जारी गर्नुपर्ने देखिन्छ । ६० वर्ष मुनिका विधवा (एकल) महिलाको हकमा समेत कार्यविधिको वुँदा ७ को प्रतिवन्धात्मक वाक्यांश आकर्षित हुने र अनुसूची ४ (ङ) बमोजिमको फरम्याटमा निवेदन लिई ६० बर्ष मुनिका विधवा (एकल) महिला जनाई पतिको मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित कागजातको आधारमा लगत संकलन गरी कार्यविधिले तोकेको समयभित्र अन्य लक्षित समूहको साथै ६० वर्ष मुनिका विधवा (एकल) महिलाको संख्या संकलन गर्न पठाउन गाविस/नपालाई जानकारी गराउन हुन अनुरोध छ ।

चालु आ.व.को वजेट बक्तव्यमा सामाजिक सुरक्षा भत्ता सदरमुकाम रहेका गाविसहरु र सबै महा/उप/नगरपालिकाहरुमा वैंकिङ प्रणाली मार्फत भुक्तानी गर्ने व्यवस्था भएकोले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि (संशोधन सहित) २०६५ को ९ क बमोजिम व्यवस्था हुन निर्णयानुसार अनुरोध छ । यस सम्वन्धी व्यवस्थाको गृह कार्य भईरहेकोले थप जानकारी पछि पठाईने व्यहोरा समेत अनुरोध छ ।

(विष्णु प्रसाद गौली)
उपसचिव

**(सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ मा भएको संशोधन)**

कार्यविधिको वुदा नं.३ (ग) को प्रतिवन्धात्मक वाक्यांश पछि देहाय वमोजिम (घ) थप गर्ने-
(घ) ६० वर्ष मुनिका विधवा (एकल) महिला

तर त्यस्ता विधवा (एकल) महिलाले पुनः विवाह गरेमा उल्लेखित सुविधा प्राप्त हुनेछैन ।

९ (च) ४ पछि (५) मा देहाय वमोजिम राख्ने

९ (च) ५ अघिल्लो आ.व.को पेश्की फछ्र्यौट भए पछि चालु आ.व पहिलो किस्ता क्रमशः पहिलो किस्ताको पेश्की फछ्र्यौट भए पछि दोस्रो र त्यसै गरी तेस्रो किस्ता निकासा दिनु पर्नेछ ।

वुदा ९ (च) साविक (५) लाई (६) कायम गरिएको छ ।

**९.क वैङ्क मार्फत भत्ता / वृत्ति वा अनुदान वितरण गर्नका लागि विशेष व्यवस्थाः**

यस कार्यविधिको अन्यत्र जेसुकै लेखिएको भएता पनि नेपाल सरकारले देहायको व्यवस्था गरी वैङ्कवाट भत्ता/वृत्ति वा अनुदान वितरण गर्न सक्नेछ ।

(१) परिचयपत्र वितरण भईसकेका लाभग्राहीहरुको परिचयपत्र ७ दिनको अवधि दिई पुनः गाविस/नपा वा नपाको वडावाट अद्यावधिक गरी अद्यावधिक विवरण र संख्या गाविस वा नपाले जिविसमा पठाउने । यसरी विवरण अद्यावधिक गर्दा आफै उपस्थित भई रकम वुझ्न नसक्ने पूर्ण असक्त अपाङ्ग र अरुको सहारा विना हिंडडुल गर्न नसक्ने, ओछ्यानमै वसी अरुको सहयोगले मात्र उठ्न र वस्न सक्ने वा वैङ्क सम्म आफै आउन नसक्ने अवस्थाका लाभग्राहीहरु र नावालकहरुको पहिचान गरी त्यस्ता लाभग्राहीको हकमा कार्यविधि अनुसार इच्छाएको व्यक्तिको विवरण अद्यावधिक गरी जिविसमा पठाउने ।

(२) यसरी गाविस वा नपाले पठाएको विवरण प्राप्त भए पछि जिविसले सो चौमासिकका लागि लाग्ने रकम र भत्ता वा वृत्ति वा अनुदान पाउने लाभग्राहिरुको नाम, नामेसी, ठेगाना सहितको विवरण भत्ता वा वृति वा अनुदान वितरण गर्ने वैङ्कमा पठाउने ।

तर यस प्रयोजनकोलागि मन्त्रालयले आवश्यक देखेमा कुनै नगरपालिकालाई अख्तीयारी सिधै पठाउन सक्नेछ र त्यस्तो अवस्थामा सो नगरपालिकाले लाभग्राहीहरुको अध्यावधिक विवरण र वितरण गर्ने रकम चौमासिक रुपमा सिधै वैङ्कमा पठाउने छ ।

(३) त्यस्तो विवरण प्राप्त भएपछि सम्वन्धित वैङ्कले पनि भरी सक्के एकै दिन भीड नहुने गरी सम्वन्धित गाविस र नगरपालिकासंग समन्वय गरी वडा वा गाउं वा टोल टोलको वितरण गर्ने मिति तोकी दिनेछ र त्यही दिन लाभग्राहीहरुले रकम वुझ्ने छन् । यो व्यवस्था वितरणको सहजताकालागि हुनेछ ।

(४) रकम वितरण गर्ने वैङ्कले परिचयपत्रवाला सम्वन्धित व्यक्ति वा इच्छाएको व्यक्तिको फोटो र सहीछाप भीडाई फरक नपर्ने गरी वितरण गर्नेछ । वैङ्कवाट रकम वितरण गर्ने कार्यकालागि सम्वन्धित नगरपालिकाको वडा समिति वा गाविसले सहजीकरण गर्ने छन् ।

तर, वैङ्कले कुनै लाभग्राहीको परिचयपत्रको आधिकारिता वुझ्न चाहेमा त्यस्ता लाभग्राहीको रकम वितरण कार्य तत्काल रोकी भरीसक्के छिटो सम्वन्धित गाविस/नपा वा जिविसवाट वुझी एकीन भए पछि मात्र वितरण गर्नेछ । यस सम्वन्धमा वैङ्कले आवश्यकता अनुसार स्थानीय प्रशासन वा प्रहरीको सहयोग लिन सक्नेछ ।

(५) महा/उप/नगरपालिका र जिल्ला सदरमुकाम भएका गाविसहरुले सामाजिक सुरक्षा भत्ता वैंक मार्फत भुक्तानी गर्दा अनुसूची १४ वमोजिम नेपाल वैंक लिमिटेड, राष्ट्रिय वाणिज्य वैक र कृषि विकास वैंकका शाखा उपशाखा कार्यालयवाट गर्ने ।

(६) सामाजिक सुरक्षा भत्ता वा वृत्तिकोलागि गाविस वा नपालाई निकासा हुने रकम जिविसले गाविस वा नगरपालिकाका नाउँमा चेकवाट भुक्तानी पठाई दिने, निकासा प्राप्त रकम सम्वन्धित वैङ्कले सम्वन्धित गाविस वा नपाका नाउँमा सामाजिक सुरक्षा खाता खोली सोही खातामा जम्मा गरि दिने, यसरी जम्मा गरिएको रकमवाट सम्वन्धित गाविस वा नगरपालिकावाट परिचयपत्र प्राप्त गरेका र विवरणमा नाम उल्लेख भएका लाभग्राहीलाई वैङ्कले छुट्टै भर्पाई गराइ भुक्तानी दिने तथा यस खातावाट अरु प्रयोजनकालागि रकम झिक्न नपाउने ।

> तर आषाढ महिनाको २० गते सम्ममा त्यस वर्ष वितरण गर्नु पर्ने रकम वितरण गरी सक्ने र २१ गतेका दिन वांकी रहेको रकमको विवरण सम्वन्धित गाविस/नपा र जिविसलाई वैकले उपलब्ध गराउने र त्यसरी प्राप्त विवरण (statement) का आधारमा सम्वन्धित जिविसले लिखित आदेश दिए पछि वांकी रकम राजस्व खातामा जम्मा गर्नकालागि आषाढ मसान्तमा त्यस्तो खातामा रकम नरहने गरी वैङ्कले जिविस वा सम्वन्धित खातामा पठाउन चेक दिने वा आवश्यक व्यवस्था गर्ने ।

(७) आ व २०६८।६९ देखि प्रत्येक चौमासिकको पहिलो महिनामा सम्वन्धित वैङ्कमा त्यस चौमासिककालागि आवश्यक रकम जिविस वा नेपाल सरकारले पठाउने र त्यस चौमासिकको अन्तिम महिनामा वैङ्कले भत्ता/वृत्ति वा अनुदान वितरण गर्ने र वैङ्कले नगद हस्तान्तरण गरे वापत कुनै कमिशन वा सेवा शुल्क नलिने ।

(८) यसरी वितरण गरिएको नाम नामेसी र परिचयपत्र नम्वर सहितको विवरण चौमासिक रुपमा वैङ्कले सम्वन्धित गाविस वा नपा र जिविसलाई अनिवार्य रुपमा पठाउने ।

(९) जिल्ला सदरमुकाम वाहेकका गाविसले सामाजिक सुरक्षा भत्ता वैंक मार्फत भुक्तानी गर्ने चाहेमा गाविसको राजनैतिक संयन्त्रको निर्णयमा जिविसको सिफारिसमा गर्न सकिनेछ ।

(१०) अनुसूची ४ (ङ) मा निवेदनको व्यहोराको पहिलो वाक्यको “एकल महिला” पछि/“म मिति....देखि विद्यवा (एकल) महिला” थप गर्ने ।

(११) अनुसूची ४ (ङ) को निवेदिकाको महलको देब्रे तर्फ देहायको विवरण उल्लेख गर्ने
(१) पतिको मृत्यु दर्ता प्रमाण पत्र नं........./मिति....
(२) नाता प्रमाणित प्रमाण पत्र नं............/मिति......

## १३.निरिक्षण तथा अनुगमनको व्यवस्था

कार्यविधिको दफा १३ को निरिक्षण तथा अनुगमनको व्यवस्थामा वुंदा (ग) पछि देहायको वुंदा (घ) थप गरिएको छ :
(घ) सामाजिक सुरक्षा कार्यक्रमको निरिक्षण तथा अनुगमन गर्नको लागि यस कार्यविधिमा उल्लेख गरिएका अन्य व्यवस्थाका अतिरिक्त देहाय वमोजिमको उपसमिति गठन गरिनेछ :

(क) प्रमुख, सामाजिक विकास शाखा, जिल्ला विकास समितिको कार्यालय — संयोजक
(ख) जिल्ला स्थित अपाङ्ग महासंघ वा निजहरुको जिल्ला स्थित छाता संगठनको प्रतिनिधि १ जाना — सदस्य
(ग)जिल्ला स्थित एकल महिलाहरुको संस्था वा जिल्ल्लामा एकल महिलाको हीतमा काम गर्ने गैससहरुमध्येवाट जिविसले तोकेको प्रतिनिधि १ जाना — सदस्य
(घ)जेष्ठ नागरिकहरुको प्रतिनिधित्व हुने गरी नागरिक समाजवाट जिविसले मनोनयन गरेको १ जाना — सदस्य
(ङ)नेपाल पत्रकार महासंघ जिल्ला शाखाको प्रतिनिधि १ जाना — सदस्य
(च)स्था वि अ ले तोकेको सामाजिक सुरक्षा कार्यक्रम हेर्ने कर्मचारी — सदस्य सचिव

## समितिको कार्य विवरण देहाय वमोजिम हुनेछ :

(क) समितिले सामाजिक सुरक्षा भत्ता/वृत्ति वा अनुदान वितरणको समिक्षा गरी सुधारकालागि पहल गर्नेछ । समितिको वैठक वर्षमा ३ पटक वस्नेछ । पहिलो किस्ता वितरण एवं दोश्रो किस्ता वितरण भएपछि र तेश्रो किस्ता वितरण अगावै वैठक वसी वितरणको समिक्षँ गर्नेछ । यसरी वस्ने समितिको वैठकमा उपस्थित सदस्यहरुले जिल्ला विकास समितिका सदस्यले पाए सरहको वैठक भत्ता पाउनेछन् ।

(ख) समितिले कार्य योजना तयार गरी निरिक्षण तथा अनुगमनलाइ व्यवस्थित गर्नु पर्नेछ । जिल्लाका प्रत्येक गाविस/नपा वडामा कम्तिमा वर्षको एकपटक आफै वा जिल्ला विकास समितिका कर्मचारी मार्फत स्थलगत निरिक्षण अनुगमन गर्नुपर्नेछ ।

(ग) सामाजिक सुरक्षा भत्ता/वृत्ति वा अनुदानको विवरणलाई अद्यावधिक वनाउन सहयोग गर्नु पर्नेछ ।

(घ) वितरण प्रणालीलाई सरल र पारदर्शि वनाउन जिविस/न पा/गाविसवाट सहयोग पुऱ्याउनुपर्नेछ ।

(ङ) जिल्ला विकास समितिवाट गाविस/नपामा हुने निकासा रकम र वितरण गरिवएको भत्ता/वृत्ति वा अनुदान रकम पुग नपुग स्थितिको विश्लेषण गरी जिविसमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) निरिक्षण तथा अनुगमनको सिलसिलामा पाइएका सकारात्मक एवं सुधार गर्नु पर्ने विषयहरु खुलाई जिविसमा प्रतिवेदन दिनुपर्नेछ ।

(छ) भत्ता वितरणको वील भरपाई कागजात जिविसमा समयमै पेश गर्न लगाई पेश्की फछ्र्यौट गर्न र यस सम्वन्धी कुनै वेरुजु भए फछ्र्यौट गर्न सहयोग गर्ने ।

(ज) नाम छुटेको दोहोरिएको लगत कट्टा नभएको, पुरा वृत्ति रकम नपाएको लगायतको कुनै किसिमको कमी कमजोरी र अनियमीतता भए आवश्यक कारवाहीको निम्ति सूचना दिने तथा अन्य सहयोग गर्ने ।

(ञ) जिल्ला विकास समितिले प्राप्त प्रतिवेदनमा उठाएका विषयलाई कार्यान्वयन गराउन सक्नेछ ।

## अनुसुची-१४
## कार्यविधिको वुदा ९ क ५ संग सम्बन्धीत

**सामाजिक सुरक्षा भत्ता वितरण वैंकिग प्रणाली मार्फत गर्न छनौट भएका वैंकहरुः**

| **१. राष्ट्रिय वाणिज्य वैंक** | **२. नेपाल वैंक लिमिटेड** |
|---|---|
| १.१ मंगलसेन/अछाम | २.१ भद्रपुर न.पा/झापा |
| | २.२ भोजपुर गाविस/भोजपुर |
| | २.३ सुनटोल गाविस/काठमाण्डौ |
| | २.४ वालिङ्ग न.पा/स्याङ्गजा |
| | २.५ कृष्णनगर गाविस/रोल्पा |
| | २.६ लिवाङ्ग गाविस/रोल्पा |
| | २.७ घोराही न.पा/दाङ्ग |
| | २.८ कलैया न.पा/वारा |
| | २.९ भिमदत्त न.पा/कंचनपुर |

**आ.व ०६८/६९ मा सदरमुकाम रहेका गाविसहरुमा भत्ता वितरण गर्न छनौट गरिएका वैंकहरुः**

| **राष्ट्रिय वाणिज्य वैंक** | **नेपाल वैंक लिमिटे** | **कृषि विकास वैंक** |
|---|---|---|
| १. ओखलढुंगा गाविस/ ओखलढुंगा | १. चामे गाविस/मनाङ्ग | १.सल्लेरी गाविस-सोलुखुम्बु |
| २. गमगढी गाविस/मुगु | २. जोमसोम गाविस/मुस्ताङ्ग | २.धुम्चे गाविस-रसुवा |
| ३. मान्म गाविस/कालिकोट | ३. मुसिकोट गाविस/रुकुम | |
| ४. सीमीकोट गाविस/हुम्ला | ४. दुनै गाविस/डोल्पा | |
| ५. मार्तडी गाविस/वाजुरा | ५. खलंगा गाविस/जाजरकोट | |
| ६. दार्चुला गाविस/दार्चुला | | |

**५८ वटा नगरपालिकामा वैंक मार्फत भत्ता वितरण गर्न छनौट भएका वैंकहरु**

| राष्ट्रिय वाणिज्य वैंक | नेपाल वैंक लिमिटेड | कृषि विकास वैंक |
|---|---|---|
| १. इलाम न.पा/इलाम | १.मेचीनगर न.पा/झापा | १.धनकुटा न.पा/धनकुटा |
| २. दमक न.पा/झापा | २.लाहान न.पा/सिराहा | २.इनरुवा न.पा/सुनसरी |
| ३. खादवारी न.पा/ संखुवासभा | ३.सिराहा न.पा/सिराह | ३.त्रियुगा न.पा/उदयपुर |
| ४. इटहरी न.पा/सुनसरी | ४.पोखरा न.पा/ कास्की | ४.गोरखा न.पा/गोरखा |
| ५. धरान न.पा/सुनसरी | ५.वुटवल न.पा/रुपन्देही | ५. लेखनाथ न.पा/कास्की |
| ६. विराटनगर न.पा/मोरङ्ग | ६. वीरगंज न.पा/ पर्सा | ६.तानसेन न.पा/पाल्पा |
| ७. सिदार्थनगर न.पा/ रुपन्देही | ७.भरतपुर न.पा/चितवन | ७.कपिलवस्तु न.पा/कपिलवस्तु |
| ८. कमलामाई न.पा/सिन्धुली | ८.रत्ननगर न.पा/चितवन | ८.रामग्राम न.पा/ नवलपरासी |
| ९. जनकपुर न.पा/धनुषा | ९.पनौती न.पा/काभ्रे | ९.गौर न.पा/ रौतहट |
| १०. जलेश्वर न.पा/महोत्तरी | १०.भक्तपुर न.पा/भक्तपुर | १०.तुलसीपुर न.पा/दाङ |
| ११. धुलिखेल न.पा/काभ्रे | ११.ललितपुर न.पा/ललितपुर | ११.रामविराज न.पा/सप्तरी |
| १२. वनेपा न.पा/काभ्रे | १२. किर्तीपुर न.पा/काठमाण्डौ | १२. व्यास न.पा/ तनहुँ |
| १३. मध्यपुर थिमी न.पा/भक्तपुर | १३.टीकापुर न.पा/कैलाली | १३. पुतलीवजार न.पा/स्याङजा |
| १४.नारायण न.पा/दैलेख | | १४.भिमश्वर न.पा/दोलखा |
| १५. विरेन्द्रनगर न.पा/सुर्खेत | | १५.मलंगवा न.पा/सर्लाही |
| १६. गुलरिया न.पा/वर्दिया | | १६.हेटौडा न.पा/मकवानपुर |
| १७. सिलगढी-दीपायल न.पा/डोटी | | १७.विदुर न.पा/नुवाकोट |
| १८. अमरगढी न.पा/डडेल्धुरा | | १८.नेपालगंज न.पा/बाँके |
| १९. दशरथचन्द न.पा/वैतडी | | १९.धनगडी न.पा/कैलाली |
| | | २०.वाग्लुङ न.पा/वाग्लुङ |

**आ.व. २०६८/६९ मा वैकिंग सेवा मार्फत भत्ता वितरण गर्न छनौट भएका वैंकहरु (४१ नगरपालिकाहरुमा)**

| राष्ट्रिय वाणिज्य वैंक | नेपाल वैंक लिमिटेड | कृषि विकास बैंक |
|---|---|---|
| १. उर्लावारी न.पा/मोरङ्ग | १.ताप्लेजुङ्ग न.पा/ताप्लेजुङ्ग | १.विर्तामोड न.पा/झापा |
| २. दितेल न.पा/खोटाङ्ग | २.फिदिम न.पा/पाँचथर | २.कटारी न.पा/उदयपुर |
| ३. धनुषाधाम न.पा/धनुषा | ३.म्याङ्गलुङ्ग न.पा/ तेहथुम | ३.रामनगर मिचैया न.पा/सिराहा |
| ४. सखुवा महेन्द्रनगर न.पा/ धनुषा | ४.भोजपुर न.पा/भोजपुर | ४.मन्थली न.पा/ रामेछाप |
| ५.निगोल गौशाला न.पा/महोत्तरी | ५.मोहनपुर-कल्याणपुर न.पा | ५.निलकण्ठ न.पा/धादिङ्ग |
| ६. कुश्मा न.पा/ पर्वत | ६.कंचनपुर-रुपनगर न.पा/ सप्तरी | ६.चौतारा न.पा/ सिन्धुपाल्चोक |
| ७. सुनवल न.पा/नवलपरासी | ७.चन्द्रनिगाहापुर न.पा/रौतहट | ७.तम्घास न.पा/गुल्मी |
| ८. कोहलपुर न.पा/वाँके | ८.जीतपुर न.पा/वारा | ८.सन्धीखर्क न.पा/अर्घाखाची |
| ९. चैनपुर न.पा/बझाङ्ग | ९.शंखरापुर न.पा/काठमाण्डौं | ९.चन्दननाथ न.पा/जुम्ला |
| १०. मंगलसेन न.पा/अछाम | १०.चम्पापुर न.पा/ललितपुर | १०.लमजुङ्ग न.पा/लमजुङ्ग |
| | ११.खैरेनीटार-दुलैगौडा न.पा/तनँहु | ११.वेनी न.पा/म्याग्दी |
| | १२.पाँचखाल न.पा/काभ्रे | १२.गैडाकोट न.पा/नवलपरासी |

| | | |
|---|---|---|
| | १३.वन्दीपुर न.पा/तनहु | १३.सल्यान न.पा/सल्यान |
| | १४.खलंगा न.पा/प्यूठान | |
| | १५.कार्यविनायक न.पा/ललितपुर | |
| | १६.राजपुर न.पा/वर्दिया | |
| | १७.हरिऔन न.पा/सर्लाही | |

# काठमाडौं महानगरपालिका

## वडा कार्यालयहरुमा भत्ता वितरण गर्न छनौट गरिएका वैंकहरु

| वडा नं. | बैंकको नाम | बैंकको ठेगाना |
|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | टंगाल |
| २ | नेपाल बैंक लिमिटेड | लाजिम्पाट |
| ३ | राष्ट्रिय वाणिज्य बैंक | नारायणगोपाल चोक |
| ४ | राष्ट्रिय वाणिज्य बैंक | नारायणगोपाल चोक |
| ५ | राष्ट्रिय वाणिज्य बैंक | टंगाल |
| ६ | नेपाल बैंक लिमिटेड | मित्रपार्क |
| ७ | कृषि विकास बैंक | चावहिल |
| ८ | कृषि विकास बैंक | चावहिल |
| ९ | कृषि विकास बैंक | बत्तिसपूतली |
| १० | राष्ट्रिय वाणिज्य बैंक | नयां बानेश्वर |
| ११ | कृषि विकास बैंक | त्रिपूरेश्वर |
| १२ | राष्ट्रिय वाणिज्य बैंक | टेकू |
| १३ | नेपाल बैंक लिमिटेड | कालीमाटी |
| १४ | राष्ट्रिय वाणिज्य बैंक | कंलकी चोक |
| १५ | कृषि विकास बैंक | सितापाइला चोक |
| १६ | कृषि विकास बैंक | बालाजू |
| १७ | नेपाल बैंक लिमिटेड | क्षेत्रपाटी |
| १८ | नेपाल बैंक लिमिटेड | क्षेत्रपाटी |
| १९ | राष्ट्रिय वाणिज्य बैंक | विशालबजार |
| २० | राष्ट्रिय वाणिज्य बैंक | विशालबजार |
| २१ | राष्ट्रिय वाणिज्य बैंक | विशालबजार |
| २२ | नेपाल बैंक लिमिटेड | न्यूरोड |
| २३ | नेपाल बैंक लिमिटेड | न्यूरोड |
| २४ | कृषि विकास बैंक | न्यूरोड |
| २५ | राष्ट्रिय वाणिज्य बैंक | विशालबजार |
| २६ | नेपाल बैंक लिमिटेड | क्षेत्रपाटी |

| | | |
|---|---|---|
| २७ | नेपाल बैंक लिमिटेड | भेडासिं |
| २८ | नेपाल बैंक लिमिटेड | भेडासिं |
| २९ | राष्ट्रिय वाणिज्य बैंक | ठमेल |
| ३० | नेपाल बैंक लिमिटेड | कान्तिपथ |
| ३१ | कृषि विकास बैंक | बागबजार |
| ३२ | नेपाल बैंक लिमिटेड | डिल्लीबजार |
| ३३ | नेपाल बैंक लिमिटेड | डिल्लीबजार |
| ३४ | कृषि विकास बैंक | गौशाला |
| ३५ | कृषि विकास बैंक | कोटेश्वर |

**सामाजिक सुरक्षा रकम वैंक मार्फत वितरण गर्न**

**जिल्ला विकास समितिको कार्यालय.......................र..........................वैंक विच**
**समझदारिपत्र**

नेपाल सरकारले....................जिल्लाको...........गा.वि.स/न.पा मा आ.व.०६८/६९ को सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगतका लक्षित समूहलाई प्रदान गरिने भत्ता/वृत्ति वा अनुदान रकम वैंकिग प्रणालिबाट गर्ने निर्णय भए अनुसार यस जिल्लाको ............गा.वि.स/न.पा.मा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहलाई उपलब्ध गराईने उद्देश्यले जिल्ला विकास समितिको कार्यालय..................र रा.वा.वैंक/ने.वै.ली..........विच देहाय अनुसार कार्य गर्ने गरी आज मिति २०६८...... मा यस समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।
सामाजिक सुरक्षा भत्ता/वृत्ती वा अनुदान वैंकिग प्रणाली मार्फत भुक्तानी गनर्ग देहायका सरोकारवालाहरुका निम्न अनुसारको भुमिका रहने छ।

## १. स्थानीय विकास मन्त्रालय

- तोकिएको गाविस वा नगरपालिकाका वडामा वैङ्कवाट रकम वितरण गर्दा त्यस्तो स्थानका लाभग्राहीहरुको परिचयपत्र, लाभग्राहीहरुको संख्या र विवरण पठाउने व्यवस्था नियमित परिचय पत्र वितरण प्रकृयामा वैङ्कवाट वितरण गरिने प्रकृयालाई पनि समावेश गरी स्थानीय विकास मन्त्रालयले कार्यविधिमा आवश्यक परिमार्जन गर्ने वा प्रस्तावित गाविस र नगरपालिकाकालागि विशेष परिपत्र गर्ने।

- आगामी वर्ष देखि प्रत्येक चौमासिकको पहिलो महिनामा वैङ्कमा त्यस चौमासिककालागि आवश्यक रकम जिविसमार्फत पठाउन सकिने गरी निकासाको व्यवस्था मीलाउने

## २. जिल्ला विकास समिति

- यस वर्षकालागि सामाजिक सुरक्षा भत्ता वा वृत्तिकोलागि गाविस वा नपालाई निकासा हुने रकम जिविसले गाविस वा नगरपालिकाका नाउँमा सामाजिक सुरक्षाको नाममा खोलिएको खातामा चेक वाट भुक्तानी पठाई दिने,

- आगामी वर्ष देखि प्रत्येक चौमासिकको पहिलो महिनामा वैङ्कमा त्यस चौमासिककालागि आवश्यक रकम जिविसले पठाउने।

- कार्यविधि अनुसार गरिने नियमित अनुगमनका अतिरिक्त वैङ्क मार्फत वितरण गर्न लागिएको विषयलाई प्राथमिकता दिई विशेष अनुगमन गर्ने।

- वैङ्कवाट सामाजिक सुरक्षा रकम वितरण गर्न लागिएको विषयमा आफ्नो गाविस वा नपा भीत्रका लाभग्राहीहरुले थाहापाउने गरी सो को सूचना पत्रपत्रिका वा रेडियो वा अन्य उपयुक्त माध्यमवाट गर्ने गराउने।

## ३. नपा / गाविस

- वैङ्कवाट रकम वितरण गर्न सहज होस् भन्ने अभिप्रायले पहिल्यै परिचयपत्र वितरण भईसकेका लाभग्राहीहरुको परिचयपत्र ७ दिनको अवधि दिई पुनः गाविस वा नपा वा नपाको वडावाट अद्यावधिक गरी अद्यावधिक विवरण र संख्या भत्ता वा वृति वा अनुदान वितरण गर्न सम्वन्धित गाविस वा नगरपालिकाले जिविसमा पठाउने र जिविसले उक्त चौमासिककालागि लाग्ने रकम सहितको विवरण सम्वन्धित वैङ्कमा पठाउने,

- सम्वन्धित वैङ्कले भरी सक्के एकै दिन भीड नहुने गरी गाउं वा टोल टोलको रकम वितरणको सहजताकालागि मिति तोकी दिने कार्यमा सम्वन्धित गाविस र नगरपालिकाले आवश्यक सहयोग वा परामर्श जुटाउन,

- वैङ्कवाट रकम वितरण गर्ने कार्यकालागि सम्वन्धित नगरपालिकाको वडा समिति वा गाविसले सहजीकरण गर्ने ,
- वैङ्कवाट सामाजिक सुरक्षा रकम वितरण गर्न लागिएको विषयमा आफ्नो गाविस वा नपा भीत्रका लाभग्राहीहरुले थाहापाउने गरी सो को सूचना पत्रपत्रिका वा रेडियो वा अन्य उपयुक्त माध्यमवाट गर्ने ।

## ४. सेवा प्रदायक वैङ्क

- सम्वन्धित गाविस वा नगरपालिकाकालागि आवश्यक रकम जिविसवाट निकासा प्राप्त भए पछि सम्वन्धित वैङ्कले सम्वन्धित गाविस वा नपाका नाउँमा सामाजिक सुरक्षा खाता खोली सोही खातामा सो रकम जम्मा गरि दिने, यसरी जम्मा गरिएको रकम वाट सम्वन्धित गाविस वा नगरपालिकावाट परिचयपत्र प्राप्त गरेका र विवरणमा उल्लेख भएका लाभग्राहीलाई वैङ्कले छुट्टै भर्पाई गराइ भुक्तानी दिने तथा यस खातावाट अरु प्रयोजनकालागि रकम झिक्न नपाउने ।

  तर आषाढ महिनाको २० गते सम्ममा त्यस वर्ष वितरण गर्नु पर्ने रकम वितरण गरी सक्ने र २१ गतेका दिन वांकी रहेको रकमको विवरण सम्वन्धित गाविस / नपा वा जिविसलाई वैकले उपलव्ध गराउने र त्यसरी प्राप्त विवरण (statement) का आधारमा सम्वन्धित जिविसले लिखित आदेश दिए पछि वांकी रकम राजस्व खातामा जम्मा गर्नकालागि आषाढ मसान्तमा त्यस्तो खातामा रकम नरहने गरी वैङ्कले जिविस वा सम्वन्धित खातामा पठाउन चेक दिने वा उपयुक्त व्यवस्था गर्ने ।
- लाभग्राहीहरुको विवरण सम्वन्धित गाविस / नपावाट प्राप्त भएपछि सम्वन्धित वैङ्कले पनि भरी सक्के एकै दिन भीड नहुने गरी सम्वन्धित गाविस र नगरपालिकासंग समन्वय गरी गाउं वा टोल टोलको वितरण गर्ने मिति तोकी दिने र त्यही दिन लाभग्राहीहरुले रकम वुझ्ने छन् । यो व्यवस्था वितरणको सहजताकालागि हुनेछ सवैकालागि वाध्यकारी भने हुने छैन ।

- रकम वितरण गर्ने वैङ्कले परिचयपत्रवाला सम्वन्धित व्यक्ति वा इच्छाएको व्यक्तिको फोटो र सहीछाप भीडाई फरक नपर्ने गरी वितरण गर्नेछ ।

  तर, वैङ्कले कुनै लाभग्राहीको परिचयपत्रको आधिकारिता वुझ्न चाहेमा त्यस्ता लाभग्राहीको रकम वितरण कार्य तत्काल रोकी भरी सक्के छिटो सम्वन्धित गाविस/नपा वा जिविसवाट वुझी एकीन भए पछि मात्र वितरण गर्नेछ । वैङ्कले यस कार्यमा आवश्यकता अनुसार स्थानीय प्रशासन वा प्रहरीको सहयोग लिन सक्ने छ ।
- प्रत्येक चौमासिककालागि आवश्यक रकम चौमासिकको पहिलो महिनामा सम्वन्धित जिविसवाट प्राप्त भएपछि त्यस चौमासिकको अन्तिम महिनामा वैङ्कले भत्ता वा वृत्ति वा अनुदान वितरण गर्ने र वैङ्कले नगद हस्तान्तरण गरे वापत कुनै कमिशन वा सेवा शुल्क नलिने ।

- भत्ता वा वृत्ति वा अनुदान वितरण गरिएको विवरण चौमासिक रुपमा वैङ्कले सम्वन्धित गाविस वा नपा र जिविसलाई अनिवार्य रुपमा पठाउने ।

- लाभग्राहीहरुले रकम भुक्तानी पाउने वैङ्कमा खाता खोली रकम जम्मा गर्न चाहेमा न्यूनतम मौज्दातमा सहुलियत सहित खाता खोली दिने ।

- हाल स्थानीय निकायहरुले सिधै नगद वितरण गरिरहेको अत्यन्तै जनपृय यो कार्यक्रममा वैङ्कवाट वितरण गर्न थालिएपछि अझ प्रभावकारिता थपिनुपर्नेमा चनाखो हुने ।

**५. लाभग्राहीहरु**

- लाभग्राहीहरुले स्वयं वा नियमानुसार इच्छाएको व्यक्तिले गाविस/नपावाट वितरण भएको सक्कल परिचय पत्र अनिवार्य रुममा साथमा लिई गाविस / नपासंग समन्वय गरी वैङ्कले तोकेको दिन वैक खुलेको समयमा वैङ्कमा उपस्थित भई आफुले प्राप्त गर्ने रकम लिने ।

- प्रत्येक आ व मा प्राप्त गर्नुपर्ने रकम आषाढ २० गते भीत्र वैङ्कमा स्वयं उपर्याीस्थत भई वा नियमानुसार इच्छाएको व्यक्तिलाई पठाई आफ्नो भत्ता वा वृत्ति वा अनुदान रकम वुझी लिने ।

- वैङ्कले आफ्नो परिचयपत्रको आधिकारिता वुझ्न चाहेमा वुझ्नकालागि लाग्ने समयावधिभर पर्खेर मात्र रकम वुझ्ने ।

- वैंकिग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता/वृत्ति वा अनुदान वितरण गर्दा कार्यान्वयनमा आईपर्ने समस्याहरुको समाधान दुवै पक्षहरुको सामुहिक निर्णयवाट गरिनेछ ।

| | |
|---|---|
| ................................. | ............................... |
| ( ) | ( ) |
| जिल्ला विकास समितिको कार्यालयको तर्फवाट | वैंकको तर्फवाट |

...........................................

रोहवर

..................गा.वि.स/न.पा